मलंगवा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मलंगवा, सर्लाही
मधेश प्रदेश, नेपाल

प.सं.

च.नं.: मिति २०७९।०६।१३

## मलङ्गवा नगरकार्यपालिकाको मिति २०७९ असोज १३ गते विहान ८:०० बजे सञ्चालित बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरू

**प्रस्तान नं १ : नगरपालिकाको सेवा प्रवाह र सुशासन अभिवृद्धि सम्बन्धमा**

निर्णय : वडासम्म नै नागरिक बडापत्रको व्यवस्था गर्ने । कार्यालयको डिजिटल नोटिस बोर्ड सञ्चालन गर्ने। हरेक शाखामा स्रोत साधनसहित थप व्यवस्थित बनाउने । पञ्जीकरण उपशाखा मार्फत सबै वडासहित नगरपालिकाका व्यक्तिगत घटनाका पुराना कागजातको क्रमश: अनलाइन अभिलेख राख्ने । साथै पदाधिकारी र कार्यालयको कर्मचारी संगठन स्वरुप देखिने विवरण राख्ने ।

**प्रस्तान नं २ : सडकमा छाडा छोडिएका र सडक छेउमा बाँध्ने गरिएका जनावरको व्यवस्थापन तथा सडक मर्मत गर्नेखाली गर्ने तथा नाली सफाइ र सडक वतीको व्यवस्थापन सम्बन्धमा**

निर्णय : तत्कालै १५ दिने सार्वजनिक सूचना गरी जनावरहरू सडकमा बाँध्न र छाडा छाड्न र सडकमा निर्माण सामग्री राख्न बन्द गराउने । नगरको स्थानीय फोहरमैला व्यवस्थापन कार्यविधि तत्कालै बनाई व्यवस्थित गर्ने ।

जीर्ण रहेको अतिथि गृह भत्काएर सफा गर्ने ।

तत्कालै सडक मर्मत र नालीमा स्ल्याभ राख्ने मर्मत गर्ने र सफाइ योजना बनाइ कार्यान्वयन गर्ने ।

सडक पेटिका भाग खाली गर्न नगरपालिका बाट सूचना गर्ने । सूचनाको अटेर गरेमा प्रति परिवार पहिलो पटक रू. १००० र क्रमश २००० हजारका दरले जरिवाना गर्ने ।

नगरपालिकाबाट तत्कालै आवश्यक स्थानमा सडक वतीको व्यवस्थापन गर्ने ।

***नगरपालिकाको निम्न पदाधिकारी र कर्मचारी रहेको समितिले यसको अनुगमन गर्ने***

संयोजक नगर प्रमुख

सदस्य नगर उप प्रमुख

सदस्यहरु सम्बन्धित वडाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

उद्योग बाणिज्य संघ प्रतिनिधि

प्राविधिक शाखा प्रमुख

सम्बन्धित वडामा रहेको सुरक्षा निकायका प्रतिनिधि

सदस्य सचिव अनुगमन शाखा प्रमुख

पहिलो पटक संयुक्त अनुगमन र तत्काल सफाइ कार्यान्वयन गर्ने । तत्कालै १५ दिने सार्वजनिक सूचना गरी जनावरहरू सडकमा बाँध्न र छाडा छाड्न बन्द गराउने ।

नगरको स्थानीय फोहरमैला व्यवस्थापन कार्यविधि तत्कालै बनाई व्यवस्थित गर्ने ।

प.सं.

च.नं.:

मिति २०७९।०६।१३

**प्रस्तान नं ४: स्वास्थ्य क्षेत्रको व्यवस्थापन सम्बन्धमा**

निर्णय : नगर स्वास्थ्य नीति तथा कानुन निर्माण गर्ने । साथै आधारभूत स्वास्थ्य संस्थाहरुको आफ्नो नामको जग्गा तथा मापदण्ड अनुसारको भवन तथा जनशक्ति व्यवस्थापन गर्दै जाने ।

**प्रस्तान नं ५: कार्यालय मर्मत रङ्ग रोगन र बैठक कक्ष निर्माण सम्बन्धमा**

निर्णय : कार्यालयमा शौचालयसहित बैठक कक्ष निर्माण, शाखाहरू व्यवस्थापन तथा भवन मर्मत रङ रोगन गर्न रु ३० लाख बराबरको बजेट छुटयाई तुरुन्त कार्यान्वयन गर्ने ।

प्रस्तान नं ६: नगरपालिका गेट र बोर्ड मर्मत

निर्णय : कार्यालयका गेट नयाँ लगाउन र बोर्ड मर्मत गर्न ३,००,००० लाख बराबरको बजेट छुटयाई तरुनत कार्यन्वयन गर्ने ।

प्रस्तान नं ७: न्यायिक समिति सञ्चालन सम्बन्धमा

निर्णय : राजपत्रमा प्रकाशन गर्ने । साथै न्यायिक समितिको सञ्चालनका लागि न्यूनतम बजेट प्रबन्ध गर्ने ।

**प्रस्तान नं ८: कराबाट हटाइएका कर्मचारी व्यवस्थापन**

निर्णय : तत्काल सुविधा प्रदान गर्न विगतमा कार्यरत रही म्याद थप नभएका वा कामकाज गरी रहेका नयाँ कर्मचारीलाई सम्बन्धित वडाध्यक्षबाट बडीमा ०७९ असोज मसान्तसम्म डोर हाजिरी प्रमाणित गरी सोका आधारमा तलव भुक्तानी गर्ने ।

नगरपालिका कार्यालयका कर्मचारीका हकमा नगरप्रमुखबाट आवश्यक निर्णय गर्ने ।

दीर्घकालीन रूपमा समाधान गर्न अर्को बैठकमा छलफल गर्ने ।

नगरप्रमुखज्यूको संयोजकत्वमा कर्मचारीसहित देहायअनुसार ३ सदस्यीय समिति गठन गर्ने र समितिबाट सम्बन्धित वडाको वस्तुस्थिति समेत छलफल गरी १५ दिनभित्र प्रतिवेदन लिई सोका आधारमा नगर कार्यपालिकाबाट आवश्यक निर्णय गर्ने ।

संयोजक नगर प्रमुख

सदस्य श्री रामनन्दन राय

सदस्य सचिव श्री रामपुकार यादव

**प्रस्तान नं ९: सामी कार्यक्रमका पदपूर्ति र रोजगार सहायक छनोटको स्थगित नतिजा बारे**

निर्णय : सामी कार्यक्रमअन्तर्गत रहेका ९ पदहरू र एक जना रोजगार सहायक पदपूर्तिका लागि विज्ञापन गर्ने र परीक्षा सञ्चालन गर्ने सम्बन्धी कार्य नगर कार्य पालिकाको बैठकबाट निर्णय

मलंगवा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मलंगवा, सर्लाही
मधेश प्रदेश,नेपाल

प.सं.
च.नं.: मिति २०७९।०६।१३

नगरी अघाडि बढेकाले रद्ध गर्नुपर्ने माग सहितको निवेदन नगरपालिका कार्यसमिति सदस्यहरुबाट प्राप्त भएकोले यो विज्ञापन र सम्पूर्ण परीक्षा स्थगित गरी निर्वाचन आचार संहिता खुला भएपछि नयाँ कार्य प्रारम्भ गर्ने ।

प्रस्तान नं १० : सहकारी र संघ संस्थाको नियमित अनुगमन व्यवस्थापन सम्बन्धमा

निर्णय : सहकारी र स्थानीय संघ संस्थाको अभिलेख व्यवस्थित गर्न बनेको ऐन २०७५ लागु गर्ने र अनुगमन समिति बनाई थप व्यवस्थित गर्ने ।

**प्रस्तान नं ११ : नियमित बजार अनुगमन सम्बन्धमा**

निर्णय : बजार अनुगमनका लागि बजार अनुगमन कार्यविधि बनाई लागु गर्ने । हाल चाडपर्व नजिकै भएकाले तत्काले निम्नानुसार अनुगमन समिति बनाइ इजाजत पत्र र नवीकरण, खाद्य गुणस्तर तथा उपभोग मिति, मूल्य सूची जस्ता पक्षमा बजार अनुगमन गर्ने । अखाद्य वस्तु भएमा तत्कालै नष्ट तथा जरिवाना गर्ने । नियमित बजार अनुगमन कार्यका लागि अनुगमन समिति गठन : संयोजक मलंगवा नगरपालिका उपमेयर संयोजक, सदस्य वडाध्यक्षहरू आआफ्नो वडामा, प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, उद्योग वाणिज्य सङ्घ, नगरपालिकाका राजस्व, स्वास्थ, प्रशासन र कृषि/पशु विकास शाखाहरू र नगर रक्षक ।

**प्रस्तान नं १२ : कृषि भवनको जग्गा छनोट र State Boaring समेत का सम्बन्धमा**

निर्णय : वडा न ४ मा जेष्ठ नागरिक भवन नजिकको कि न रेलानी को जग्गा कृषि तथा पशु भवनका लागि सिफारिस गर्ने । State Boaring वडा न १ मा सिता शङ्कर यादवबाट प्राप्त जग्गामा स्थापना गर्ने ।

प्रस्तान नं १३ : भूउपयोग नीति तर्जुमा र जग्गा वर्गीकरण बारे

निर्णय : **सम्बन्धित निकायसँग समन्वय गरी कृषि र गैर कृषि योग्य जमिन छुट्याइ सम्बन्धित वडाले नगरपालिकामा पुस मसान्तसम्ममा पेश गर्ने ।** यसका लागि प्रमुख प्रशासकीय अधिकृतबाट आवश्यक समन्वय गर्ने ।

प्रस्तान नं १४ : राजश्व परामर्श समितिको बैठकका लागि प्रस्ताव निर्माण (सरकारी कोठी घर व्यवस्थापन समेत)

निर्णय : राजश्व परामर्श समितिमा छलफल गरी त्यसको प्रतिवेदन अर्को बैठकमा पेस गर्ने छलफल गर्ने

प्रस्तान नं १५ : नगरपालिका पदाधिकारी र कर्मचारीको सेवा सुविधा तथा प्रोत्साहन सम्बन्धमा

निर्णय : **नगरपालिकाका पदाधिकारीहरुको सेवा सुविधा तत्कालका लागि गत आ व मा भए सरह कायम हुने गरी पारित गर्ने । कर्मचारीको प्रोत्साहन र अवकाश पछिको सेवा सुविधा र उपादान कोष स्थापना गर्न पहल गर्ने ।** पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न अध्ययन अवलोकन भ्रमणको व्यवस्था समेत

प.सं.

च.नं.:

मिति २०७९।०६।१३

गर्दै जाने ।

**प्रस्तान नं १६ : नगरपालिकाको मत्स्य विकास योजना सम्बन्धमा**

निर्णय : पुराना पोखरीहरुको मर्मत सम्भार र सुधार गरी माछा पालनलाई व्यवस्थित र निर्यातमूलक बनाउन स्रोतको खोजी गर्ने ।

पोखरीलाई वोटिङको व्यवस्था सहित मनोरञ्जक बनाउन सम्भावना खोजी गर्ने तथा उत्पादनका अन्य क्षेत्र पहिचान गरी सुझाव दिन देहाय अनुसार एक अध्ययन समिति बनाइ सुझाव लिने ।

सयोजक श्री चन्देश्वर राय, वडाध्यक्ष

सदस्य श्री धिरेन्द्र शाह, वडाध्यक्ष

सदस्य श्री मुकेशकुमार झा, वडाध्यक्ष

सम्बन्धित शाखा प्रमुखहरू उद्योग वाणिज्य सङ्घ सहकारी र विषयगत विज्ञ रहेको ७ सदस्यीय रहने।

**प्रस्तान नं १७ : शिक्षा क्षेत्रको व्यवस्थापन सम्बन्धमा**

निर्णय : तत्कालै सहभागितामूलक रुपमा नगर शिक्षा कार्यशाला तहगत र संस्थागत रूपमा अलग अलग आयोजना गरी सामुदायिक तथा संस्थागत विद्यालय सुधारको दीर्घकालीन सोचपत्र तयार गरी कार्यान्वयन गर्ने । नगर शिक्षा ऐन निर्माण गरी लागु गर्ने ।

**प्रस्तान नं १८ : नगरपालिकाको मासिक गतिविधि निर्माण गरी प्रशारण गर्ने सम्बन्धमा**

निर्णय : मलंगवा नगरपालिकाको मासिक गतिविधि निर्माण गरी रेडियो नेपाल प्रदेशिक प्रसारण कार्यालय बर्दिवास महोत्तरीसँगको सहकार्यमा प्रसारण गर्ने व्यवस्था मिलाउने । स्थानीय प्रशारणसँग समेत जोड्ने। यसका लागि वार्षिक दुई लाख रकम प्रवन्ध गर्ने ।

**प्रस्तान नं १९ : नगर कार्यपालिकाका विभिन्न समितिहरूको क्रियाशीलता बारे**

निर्णय : नगर कार्यपालिकाका विभिन्न समितिहरूलाई क्रियाशील बनाउन अर्को बैठकमा कार्ययोजनासहित छलफल गर्ने ।

**प्रस्तान नं २० : विकास निर्माण मा सार्वजनिक खरिद ऐनको संशोधनको कार्यान्वयन**

निर्णय : अर्को बैठकमा थप छलफल गर्ने

**प्रस्तान नं २१ : सघन सहरी विकास कार्यक्रम सम्बन्धमा**

निर्णय : तत्कालै सो कार्यक्रमको कार्य प्रगति समीक्षा गर्ने ।

**प्रस्ताव नं २२ : दुर्गा पूजा ब्रहम बाबा पूजाको लागि भुक्तानी सम्बन्धमा**

निर्णय : व्रहम बाबा पूजाको लागि वडा नं ८ मा रू ६०,००० र वडा नं १, २, ५, ६, ७, ११ र १२ का लागि रू

प.सं.

च.नं.: मिति २०७९।०६।१३

३०,००० का दरले भुक्तानी गर्ने र दुर्गा पूजाका लागि ३०,००० का दरले ३ स्थानमा निकाशा दिने । यसै गरी वडा नं ९ राजदेवी मन्दिर रू १५,००० सहलेश मन्दिर मलंगवा ३ मा रू १५,००० । सहलेश मन्दिर मलंगवा ४ र १२ मा रू ११,००० का दरले । फूलमतमाई मन्दिर वडा नं १० मा रू ११,००० । भगवती मन्दिर र झिलमिलिया मन्दिर मलंगवा ८ मा रू ११,००० हजारका दरले र महारानी मन्दिर मलंगवा २ मा रू ११,००० दरले निकाशा दिने ।

**प्रस्ताव नं २३ : कार्यक्रमको नाम संशोधन सम्बन्धमा ।**

निर्णय : नगरसभाबाट स्वीकृत वडास्तरी बजेटको वडा नं ८ को सि नं १३ मा रहेको कार्यक्रममा हण्डपाइप का सट्टामा ह्युमपाइप कायम गरी कार्यान्वयन गर्ने ।

०७९।६।१३

**(नवलकिशोर यादव)**
नगरकार्यपालिका प्रवक्ता
तथा वडाधयक्ष वडा नं १